# सूचना

सन् २०२२, अप्रिल १ तारिखबाट WHO बाट मान्यता प्राप्त कोभिड विरुद्धको खोपको पूर्ण मात्रा लगाएका E-9 का नयाँ श्रमिकहरु दक्षिण कोरिया जादा ३ रात/४ दिन (तालिम अवधि सहित) र कमिटेड श्रमिकको हकमा २ रात/३ दिन क्वारेन्टिन बस्नु पर्ने नियम लागु भएको छ।

☆अप्रिल ६ तारिख नेपालबाट प्रस्थान गरेका E-9 श्रमिकहरुमा भने पहिलाकै क्वारेन्टिन नियम लागु।

* खोपको पूर्ण मात्रा लगाएका भन्नाले दोस्रो खोप (जोन्सोनको हकमा पहिलो खोप) लगाएको १४ दिन~१८० दिन भित्रका व्यक्ति वा बुस्टर खोप समेत लगाएका व्यक्ति भनेर बुझिन्छ।

** WHOबाट मान्यता प्राप्त कोभिड विरुद्धको खोप : Pfizer, Janssen (Johnson & Johnson), Moderna, AstraZeneca, Sinopharm (Beijing), Covishield, Sinovac, Covaxin

तसर्थ कोरिया जान तयारीमा रहनु भएका नयाँ (कमिटेड सहित) E-9 श्रमिकहरुले कोभिड विरुद्धको खोपको पूर्ण मात्रा लिनका साथै CCMCबाट QR-Code सहितको खोप प्रमाणपत्रपनि लिन हुन अनुरोध छ।

कोरियामा क्वारेन्टिन अवधि कम गराउनको निमित्त दक्षिण कोरिया प्रवेश गर्नु अघि Quarantine Information Advance Input Systemमा गएर Q-CODE लिनु पर्दछ। साथै सो Q-CODE मोबाइल फोनमा डाउनलोड वा प्रिन्ट गरेको हुनुपर्दछ।

Q-code - Quarantine covid19 defence (kdca.go.kr)

**Q-CODE लिन निम्न विवरण/कागजात आवश्यक पर्दछ।**

१. राहदानी

२. ईमेल ठेगाना

३. प्लेन टिकट

४. PCR नेगेटिभ रिपोर्ट (अङ्ग्रेजीमा)

५. खोप प्रमाणपत्र (अङ्ग्रेजीमा)

पुनश्च सम्पूर्ण E-9 श्रमिकहरु (कोरियामा कोभिड विरुद्धको खोपको मात्रा पूरा गरेका बाहेक)ले आफ्नो Q-CODE जारि लिनै पर्छ। तसर्थ उडान अघि Q-CODE जारि भए नभएको जाँच गर्नु हुन अनुरोध गर्दछौँ ।

HRD Korea
EPS Center in Nepal

२०२२.०४.०८

ई पि एस सेन्टर

एच आर डि कोरिया